# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ७ | संख्या : ३ | २०८० कार्तिक २२

## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# छायाँनाथ रारा नगरपालिकाको नगर प्रमुख सँग गोठालो कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

सम्वत २०८० को कार्यविधि नं. १२

# छायाँनाथ रारा नगरपालिकाको नगर प्रमुख सँग गोठालो कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

<u>कार्यपालिकाबाट स्वीकृत मिति</u>

२०८०/०७/२२

<u>प्रकाशित मिति</u>

२०८०/०७/२२

**<u>प्रस्तावनाः</u>** छायाँनाथ रारा नगरपालिकाका प्राकृतिक श्रोत साधनले भरिपुर्ण नगरपालिका भएता पनि यहाँका अधिकांश नागरिकहरु कृषि तथा पशुपालनमा निर्भर भएको र पशुपालन तथा कृषि व्यवसायबाट नगरपालिकाको ग्राहस्थ उत्पादनमा खासै टेवा नपुगेको देखिएको हुँदा र पशुपालन व्यवसायको विकास गर्न, पशुपालन पेशामा लागेका कृषक (गोठालो) हरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुर्याउनु र यस व्यव्सायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रर्वधन एवं गरीबी न्युनीकरणको माध्यमबाट राष्ट्रिय अर्थव्यवस्थामा ठोस योगदान पुर्याउन र यस नगरपालिका भित्रका पशुपालन गर्ने कृषक (गोठालो) हरुलाई प्रतिस्पर्धी बनाउन वाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा १०२ तथा छायाँनाथ रारा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को अधिनमा रही नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "छायाँनाथ रारा नगरपालिकाको नगर प्रमुख सँग गोठालो कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

**२.** **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ख) "नगरपालिका" भन्नाले छायाँनाथ रारा नगरपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ग) "नगर प्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(घ) "नगर उपप्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले छायाँनाथ रारा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(च) "कृषक" भन्नाले कृषि वा कृषि क्षेत्रमा संलग्न कृषक, उद्दमी र व्यवसायीलाई सम्झनु पर्छ।

(छ) "गोठालो" भन्नाले यस छायाँनाथ रारा नगरपालिकामा अवस्थित पशुपालन गर्दै, गाईबस्तुहरुको हेरचाह गर्ने वा चराउने, पछिपछि लगेर हेरविचार गर्ने व्यक्ति सम्झनु पर्छ।

(ज) "गोठालो कार्यक्रम" भन्नाले यस छायाँनाथ रारा नगरपालिकामा अवस्थित पशुपालन गर्दै गाईबस्तुहरुको हेरचाह गर्ने वा चराउने व्यक्ति (गोठालो) को उत्थान गर्नको लागि सामाग्री वितरण गर्ने कार्यक्रम सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य, क्रियाकलाप तथा समितिको गठन प्रक्रिया

**३.** **कार्यक्रमको उद्देश्यः** (१) यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः

(क) पशुपालन व्यवसायलाई सहजीकरण, प्रर्वद्धन एवं व्यवसायीकरण गर्नका लागि आवश्यक सामाग्रीहरु वितरण गर्ने,

(ख) व्यवसायीक जिविकोपार्जनको विकास गर्ने,

**४.** **कार्यक्रम अन्तर्गत गरिने क्रियाकलापहरुः** यो कार्यविधि अन्तर्गत रही सञ्चालन गरिने क्रियाकलापहरु निम्नानिसार रहेकोछ।

(क) समुह गठन र अभिमुखिकरण,

(ख) गोठ निर्माण र सुधार,

(ग) गोठालोलाई आवश्यक पर्ने (गमबुट, छाता, ब्याग तथा झोला, कोंसो (उन कोर्ने), सोलार, कैईची, स्लीपिङ्ग व्याग, टेन्ट पाल, किट बक्स) जस्ता सामाग्रीहरु सेट वितरण गर्ने,

(घ) छायाँनाथ रारा नगरपालिकामा रहेका सामान्य गोठालोलाई वार्षिक ३६० थान सादा त्रिपाल वितरण गर्ने।

**५.** **कार्यक्रम सञ्चालन सम्बन्धि व्यवस्थाः** (१) यस कार्यविधिमा उल्लेखित कार्यक्रम सञ्चालन देहाय बमोजिमको स्थान, अवधि र वर्गमा सिमित रहनेछ।

(क) **कार्यक्रम सञ्चालन हुने स्थानः** छायाँनाथ रारा नगरपालिकाबाट स्वीकृत भई नगरपालिका भित्र रहेको सबै वडाहरु,

(ख) **कार्यक्रम सञ्चालन अवधिः** यो कार्यक्रम छायाँनाथ रारा नगरपालिकाको कार्यपालिकाले निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ।

(ग) **लक्षित वर्गः**

(१) दफा ४ को खण्ड (ग) को हकमा यस नगरपालिका भित्र रहेका पशुपालन (पाँच वा पाँच भन्दा बढी दोना गाई/भैंसी र अस्सी वा अस्सी भन्दा बढी भेडा बाखा पालन) गर्दै आएका गोठालो कृषकहरु हुनेछ।

(२) दफा ४ को खण्ड (घ) को हकमा यस नगरपालिका भित्र रहेको सम्पुर्ण पशुपालन गर्ने गोठालो कृषकहरु हुनेछ।

६. **कार्यक्रम सञ्चालन समितिको गठन प्रक्रियाः** (१) यस कार्यविधी बमोजिम कार्यक्रम सञ्चालनको लागि निम्न अनुसार छनौट तथा मुल्याङ्कन समिति हुनेछ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | -संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) | प्रशासन शाखा प्रमुख | -सदस्य |
| (घ) | कृषि शाखा प्रमुख | -सदस्य |
| (ङ) | पशु सेवा शाखा प्रमुख | -सदस्य सचिव |

## परिच्छेद-३
## विविध

७. **कार्यक्रम सञ्चालन प्रकृयाः** (१) कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम रहेको छः-

(क) प्रस्ताव आव्हानः भेडाबाखा, भैंसी, गाई पालन गर्ने कृषकहरु मध्ये उत्कृष्ट कृषक (गोठालो) का लागि स्थानीय सञ्चारमाध्यम, पत्रपत्रिकामा सूचना प्रकाशित गरी पशु सेवा शाखा मार्फत नगरपालिकामा पेश गर्ने गरी प्रस्ताव आव्हान गरिने छ। प्रस्ताव आव्हानको १५ दिने सूचना अनुसूची-१ बमोजिम स्थानीय स्तरको दैनिक पत्रिकामा/स्थानीय पत्रिकामा वा कार्यालयहरुले प्रकाशन गर्ने छन।

(ख) प्रस्तावको मुल्याङ्कन तथा स्वीकृतीः

(१) प्रस्तावको मूल्याङ्कन र स्वीकृत गर्नका लागि मूल्याङ्कन तथा छनौट समितिले गर्नेछ।

(ग) मूल्याङ्कनका आधारहरुः मूल्याङ्कनका आधारहरु अनुसूची-३ मा उल्लेख भए अनुसार हुनेछन।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम छायाँनाथ रारा नगरपालिकाले बार्षिक बजेटबाट नगर प्रमुख संग गोठालो कार्यक्रम सञ्चालन गर्नको लागि छुट्टयाईएको बजेटको दायरा भित्र रहि छायाँनाथ रारा नगरपालिका भित्रका १४ ओटै वडामा रहेका पशुपालनमा सक्रिय (भेडाबाख्रा, भैसी तथा गाई) कृषक (गोठालो) हरु मध्ये दफा ७ को उपदफा (१) को खण्ड (ग) बमोजिमका गोठालोहरु मध्ये निजहरुले पशुपालन गरेको अवधि, पारिवारिक अवस्था, रोजगारको अवस्थाको मध्ये नजर गर्दै उत्कृष्ट पशुपालन गर्ने कृषक (गोठालो) लाई दफा ६ को समितिले छनौट गरी कार्यविधीमा दफा ४ को खण्ड (ग) मा उल्लेख भएको सामाग्रिहरु मध्ये छायाँनाथ रारा नगरपालिकाले छनौट गरेको आवश्यकता अनुसार सामाग्रि सेट वितरण र दफा ४ को खण्ड (घ) को हकमा सामान्य गोठालोलाई सादा त्रिपाल वितरण गर्नेछ।

८. **बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधीको कार्यन्वयनमा कुनै बाधा अडकाउ परेमा वा व्याख्या गर्ने अधिकार छायाँनाथ रारा नगरपालिकाको नगर कार्यपालिकालाई हुनेछ।

९. **अनुगमनः** संचालन गरेका क्रियाकलापको नियमित अनुगमन नगरपालिकाले गरि आवश्यक निर्देशन दिन सक्ने छ।

१०. **प्रचलित कानून लागु हुनेः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यवधि बमोजिम कार्यान्वयन हुनेछ।

११. **कार्यविधि संसोधन तथा परिमार्जनः** छायाँनाथ रारा नगरपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवंम संसोधन गर्न सक्ने छ।

१२. **खारेज तथा बचाउः** यस कार्यविधिका कुनै दफा, उपदफा, लगाएत सबै खण्ड वा आंशिक खण्ड कुनै ऐन, प्रचलित प्रदेश कानुन र संघिय कानुनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

अनुसूची-१

(दफा ७ को उपदफा (१) को खण्ड (क) संग सम्बन्धीत)

गोठालो कार्यक्रमको प्रस्ताव आव्हानको सुचनाको ढाचाँ

छायाँनाथ रारा नगरपालिका पशु सेवा शाखा

गोठालो कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

तपशिलः

प्रथम पटक प्रकाशित मितिः..............................

यस कार्यालयको आ.ब. २०....../....... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार गाई, भैंसी, भेडाबाख्रा पालन गर्ने गोठालो कृषकहरुलाई गाई, भैंसी, भेडाबाख्रा पालन गरे वापत निजहरुलाई प्रतिस्पर्धी बनाउन, आर्थिक उपार्जन, स्वरोजगार प्रर्वधन एवं गरीबी न्युनीकरण गर्ने कार्यक्रम रहेको हुँदा कार्यविधिमा उल्लेख गरिएको पशुपालन गर्ने गोठालो कृषकहरुबाट दरखास्त आहवानको लागि तो सूचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनु पर्नेछ। पुनश्चः आवेदन साथ तपशील अनुसारका कागजातहरु संलगन राख्न समेत यसै सुचना द्वारा सुचित गरिन्छ।

१. अनुसूची-२ अनुसारको आवेदन फारम
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. पशुपालन गरेको विवरण (गाई, भैंसी, भेडाबाख्रा) को संख्या उल्लेख हुने गरि वडा कार्यालयको सिफारिश
४. अन्य कागजातहरु (आवश्तकता अनुसार थपिनेछ)

## अनुसूची-२

(दफा ७ को उपदफा (१) को खण्ड (ग) संग सम्बन्धीत)

### गोठालो कार्यक्रमको लागि गोठालोहरुलाई सहयोग स्वरुप सामाग्री वितरण गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यू,
छायाँनाथ रारा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, गमगढी, मुगु।

विषयः गोठालोहरुको लागि सामाग्री बितरण कार्यक्रम उपलब्ध गराईदिने बारे।

महोदय,

प्रस्तुत विषयमा म पशुपालन गर्ने गोठालो कृषक भएकोले मिति २०............... गतेको यस नगरपालिकाको गोठलो कार्यक्रमको सुचना बमोजिम निम्नानुसार कागजात राखी निवेदन गर्दछु। मैले सो गोठालो कार्यक्रममा सहभागी भई गोठालो सामाग्री प्राप्त गरेमा म गोठालोलाई गाईबस्तुहरुको हेरचाह गर्ने वा चराउन सहयोग पुग्ने भएकोले यस कार्यक्रममा सहभागि हुन पाउँ। पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु।

तपसिल

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
२. वैदेशिक रोजगारबाट फर्कका युवाहरुको हकमा पासपोर्ट प्रतिलिपि
३. पशुपालन गरेको विवरण (गाई, भैंसी, भेडाबाख्रा) को संख्या उल्लेख हुने गरि वडा कार्यालयको सिफारिश

अनुसूची-३

(दफा ७ को उपदफा (१) को खण्ड (ग) संग सम्बन्धीत)

गोठालो प्रर्वधन सम्बन्धि कार्यक्रम सञ्चालनको लागि छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरुः

| क्र.स. | द.नं. | आवेदकको नाम | ठेगाना | पशुपालन व्यवसायको सम्भाव्यता/उपयुक्तता (१०) | अनुभव/ तालिम (१०) | पालिरहेको पशुपन्छीको संख्या (६०) | वैदेशिक रोजगारबाट फर्केको (१०) | जैविक तथा पर्यावरणिय सुरक्षा विधि (१०) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

मूल्याङ्कन समितिका पद्धाधिकारीहरुकोः

नाम थरः
पदः
दस्तखतः
मितिः

नाम थरः
पदः
दस्तखतः
मितिः

नाम थरः
पदः
दस्तखतः
मितिः

नाम थरः
पदः
दस्तखतः
मितिः

आज्ञाले
पशुपती शाही
नि. प्रमुख प्रशासकिय अधिकृत